# दमक बहुमुखी क्याम्पस

दमक, झापा

(विश्वविद्यालय अनुदान आयोगबाट Q.A.A. प्रमाण-पत्र प्राप्त)




## वार्षिक प्रतिवेदन-२०८१/०८२

## Annual Report - 2081/082

## तेह्रौं क्याम्पस सभा

२०८१ कार्तिक २१ गते बुधबार

# दमक बहुमुखी क्याम्पसको तेह्रौं क्याम्पससभाका अवसरमा
# क्याम्पसका अध्यक्षको तर्फबाट प्रस्तुत प्रतिवेदन–२०८१

यस कार्यक्रमका प्रमुख अतिथिज्यू, मञ्चमा आसीन विशिष्ट अतिथि तथा अतिथिज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, सल्लाहकार समितिका संयोजक तथा सदस्यज्यूहरू, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरू, क्याम्पस प्रमुखज्यू, सहायक क्याम्पस प्रमुखज्यू, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीवर्ग, पत्रकार एवं अभिभावकवर्ग तथा यस कार्यक्रममा उपस्थित विभिन्न राजनीतिक दल तथा संघ संस्थाबाट पाल्नु हुने प्रतिनिधिहरू !

आज हामी २०३८ सालमा स्थापित भई पव्लिक स्तरबाट संचालित हुदै आएको दमक बहुमुखी क्याम्पसको तेह्रौं क्याम्पस सभामा उपस्थित भएका छौं । यहाबाट हेर्दा क्याम्पसको हालको अवस्था यस प्रकार रहेको छ ।

**क्याम्पसमा संचालित कार्यक्रमहरू :**

- +२ तर्फ व्यवस्थापन, विज्ञान, मानविकी र शिक्षा
- स्नातक कार्यर्कम तर्फ : वि.वि.एस., वि.ए., वि.एड् , वि.एस्सी ,वि.एस.डब्लु, वि.वि.ए., वि.सि.ए.
- स्नातकोत्तर कार्यक्रम तर्फ : एम.वि.एस., एम. ए. अर्थशास्त्र, एम. एड., नेपाली र अग्रेजी

**भौतिक पूर्वाधार र विकास निर्माण :**

क) जग्गा : ३ विगाह छ धुर

ख) कक्षा कोठा : ४०

ग) निर्माणधीन नया भवनमा कक्षा कोठा २४ , प्रशासन कक्षमा ६ वटा कोठा ,३ वटा शौचालय र व्यवसायिक प्रयोजनका लागि निर्माण हुने १८ वटा सटर सहित जम्मा ५१ कोठा ।

**सम्मान तथा कदर :**

विगतमा क्याम्पसलाई जमिन र नगद सहयोग उपलब्ध गराउनुहुने चन्दादाता महानुभावहरूको नाम शिलालेखमा अङ्कित गरी उहाँहरूका योगदानको कदर गरिएको छ । क्याम्पसलाई जमिन तथा आकर्षक चन्दा सहयोग गर्ने व्यक्तित्वहरूको योगदानको विशेष मूल्याङ्कन र कदर गर्दै उहाँहरूलाई दानवीरको प्रेरणाश्रोतको रूपमा लिई आवधिक मूल्याङ्कन गर्दै आकर्षक शिलालेख तयार पारेर त्यस्ता व्यक्तित्वहरूको विशिष्ट योगदान झल्किने गरी नाम अंकित गर्ने लक्ष्य राखिएको छ । क्याम्पसलाई १ विगाहा जग्गा प्रदान गर्नु हुने स्व. सुवेदार डम्बरबहादुर अधिकारीको शालिक दमक न.पा.को सहयोगमा निर्माण गरिएको छ । क्याम्पसले सालिन्दा १ जना उत्कृष्ट प्राध्यापक र एक जना उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने कार्य पनि गर्दै आएको छ ।

क्याम्पसमा दैनिक आइपर्ने कामलाई छिटो छरितो तरिकाले संम्पन्न गर्ने कार्य विभाजन गरी शिक्षण, निर्माण, आर्थिक, खेलकुद तथा अत्तिरिक्त क्रियाकलाप, पुस्तकालय तथा प्रयोगशाला, उच्च शिक्षा एवम् गुणस्तर सुधार जस्ता उप समितिहरू गठन गरी कार्यको विभाजन गरिएको छ । यी संम्वन्धित समितिहरूले आ-आफ्नो कार्यभारलाई सुचारू रूपमा सम्पन्न गरिरहेका छन् । समितिका पदाधिारीहरूले आ आफ्नो जिम्मेवारी पूरा गरिरहेका छन् ।

**विद्यार्थी सहुलियत र छात्रवृत्तिको व्यवस्था**

यस क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरूमध्ये जेहेन्दार, गरीब, दलित, जनजाति परिवारका विद्यार्थीहरूलाई सर्वसुलभ शिक्षा प्रदान गर्ने उद्देश्य अनुरूप SHEP, HERP, NEHEP कार्यक्रम र अन्य कार्यक्रहरूको माध्यमबाट समेत गरी स्रोत साधन जुटाउने प्रयास गरिएको छ । उपलब्ध सीमित स्रोत र साधनलाई प्रयोग गरी आंशिक रूपमा निःशुल्कताको सुविधा उपलब्ध गराइएको छ । यसै सिलसिलामा क्याम्पसले विद्यार्थीहरूलाई विभिन्न आर्थिक सुविधा र सहुलियत उपलब्ध गराइरहेको छ । एकै दम्पतिका तीन सन्तान यसै क्याम्पसमा अध्ययनरत रहेमा एकजनाको सम्पूर्ण शिक्षण शुल्क मिनाहा गर्ने ब्यवस्था गरिएको छ । विद्यार्थीहरूलाई शैक्षिक, बौद्धिक,

व्यावसायिक विकास र व्यक्तित्व विकासमा सकरात्मक उत्प्रेरणा प्राप्तिका लागि निश्चित् तहमा विद्यार्थी सहभागिता र क्याम्पसको प्रत्यक्ष निगरानीमा शैक्षिक भ्रमणको व्यवस्था गरिएको छ। यो कार्यक्रम कोरोनाका कारण प्रभावित भएकामा हाल संचालनमा ल्याइएको छ। साथै क्याम्पसले आयोजना गर्ने अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू कोरोनाका कारण र उत्तर तर्फको ठूलो भवन निर्माणका कारण स्थगन भएकोमा पुःन संचालन गरीएको छ।

**अक्षयकोषको व्यवस्था :**

यस क्याम्पसको आव्हानमा विभिन्न छात्रवृत्ति कोष विभिन्न दाताहरूबाट स्थापना भएका छन्। क्याम्पसमा हाल निम्नानुसारको अक्षयकोषहरूको स्थापना गरिएको छ।

| क.स. | अक्षयकोषको नाम | अक्षयकोष दाता | अक्षयकोषको रकम |
|---|---|---|---|
| १ | एल्बिज छात्रवृत्ति कोष | कालिका खड्का | रू. २०,०००।– |
| २ | पं. कुष्माखर भट्टराई छात्रवृत्ति कोष | वाला भट्टराई | रू. २५,०००।– |
| ३ | दलबहादुर-विष्णुमाया आचार्य छात्रवृत्ति कोष | दलबहादुर आचार्य | रू. १,००,०००।– |
| ४ | खड्गबहादुर-दमयन्ता छात्रवृत्ति कोषमा | दमयन्ता थापा | रू १,००,०००।– |
| ५ | स्व.रूपादेवी पुरी छात्र वृत्ति कोष | गगन पुरी | रू. १,५०,०००।– |
| ६ | शिवलाल दुलाल छात्रवृत्ति कोष | छविलाल दुलाल | रू १,००,०००।– |
| ७ | राधिका ओझा छात्रवृत्ति कोष | राधिका ओझा | रू. ५०,०००।– |
| ८ | पुण्यमाता छात्रवृत्तिकोष | गुरूराज रेग्मी | रू ४२५०००।- |
| ९ | देवराज भुवनेश्वरी छात्रवृत्ति कोष | इन्दिरा भण्डारी लगायत स्व. देवराज अधिकारीको परिवार | रू ५०००००।- |
| १० | सन्तकुमार+कमलादेवी भगत छात्रवृत्ति कोष | सन्तकुमार भगत | रू. १,००,०००।- |
| ११ | मुकुन्द काफ्ले छात्रवृत्ति कोष | दुर्गादेवी काफ्ले | रू. २,००,०००।- |
| १२ | स्व.इन्द्रबहादुर श्रेष्ठ छात्रवृत्ति कोष | शैलेन्द्र श्रेष्ठ + रिता श्रेष्ठ | रू. १५०५५५।- |
| १३ | नरपति विष्णुमाया छात्रवृत्ति कोष | हरिकृष्ण तिम्सीना | रू. ५०,०००।– |
| १४ | हिरामणी दाहाल छात्रवृत्ति कोष | हिरामणी दाहाल | रू. १,००,०००।- |
| १४ | स्व.सुधिर भट्टराई स्मृती छात्रवृत्ति कोष | उत्तमप्रसाद भट्टराई +विमला नेपाल भट्टराई | रू.१११,१११।– |

यी कोषबाट विभिन्न विद्यार्थीहरूलाई छात्रवृत्तिको सुविधा प्रदान गरिँदै आएको कुरा अवगत गराउन चाहन्छु। साथै यस क्याम्पसका पूर्व क्याम्पस प्रमुख स्व. चित्रबहादुर बस्नेतकी धर्मपत्नी श्रीमती इन्दिरा बस्नेतबाट रू. ३,००,०००। (तीन लाख)को "स्व.चित्रबहादुर बस्नेत स्मृति छात्रवृत्तिकोष" को स्थापना गरी विद्यार्थीहरूलाई छात्र वृत्ति वितरण गर्दै आउनु भएको छ। साथै दमक ७ निवासी श्री यज्ञराज पन्तज्यूले ४ वर्ष सम्म २ जना विद्यार्थीहरूलाई अध्यापन गराउन लाग्ने रकम उपलब्ध गराउने सम्झौता गर्नु भएको छ। त्यस्तै यस क्याम्पसका पूर्व क्याम्पस प्रमुख प्राध्यापक श्री मोहनप्रसाद भण्डारीले आफ्ना दिवंगत पिता पं. महेश्वर भण्डारी र माता वेदमाया भण्डारीको पुण्य स्मृतिमा रू. ३,०१,०००। (तीन लाख एक हजार) को "महेश्वर-वेदमाया स्मृति छात्रवृत्ति कोष" को घोषणा गर्नु भएको छ। साथै यस अवसरमा छात्र वृत्तिकोषका संस्थापक महानुभावहरूलाई हार्दिक धन्यवाद दिँदै यस्ता पुनित कार्यमा खुल्ला मनले हात बढाउन अन्य दाता महानुभावहरूलाई समेत हार्दिक आव्हान गर्न चाहन्छु। यसका साथै क्याम्पसमा विगतमा सञ्चालित SHEP तथा HERP कार्यक्रम अन्तर्गत प्राप्त सम्पादन अनुदानमध्येबाट रू. ७४०,००००। (चौहत्तर लाख) को विद्यार्थी कल्याण कोष र रू. १,०००,०००।- (दश लाख) को आदिवासी जनजाति विद्यार्थी छात्रवृत्तिकोष स्थापना गरिएको छ साथै विगतको कोरोनाको महामारीका कारण विद्यार्थी वर्गमा पर्न गएको असुविधालाई मध्य नजर गर्दै विद्यार्थी सघ/संङ्गठनहरूको सहमति र सहभागीतामा रू

४,०००००।- को कोरोना कोष स्थापना गरिएको छ । यो सम्पूर्ण रकम अक्षयकोषको रूपमा राखी प्राप्त व्याजमात्र सम्बन्धित उद्देश्य र शीर्षकमा खर्च गर्ने गरिएको व्यहोरा जानकारी गराउँछु।

**जिम्मेवारीको बाँडफाँड QAA को प्राप्ति र QAA को नवीकरण :**

क्याम्पसमा मिति २०६८ पौष २७ गतेको विश्वविद्यालय अनुदान आयोगको निर्णयबाट यस क्याम्पसले QAA प्राप्त गरेको हो। यस सन्दर्भमा दमक बहुमुखी क्याम्पस देशभरका पब्लिक क्याम्पसहरूमध्ये QAA प्राप्त गर्ने पूर्वाञ्चलके पहिलो र मुलुकभरबाट दोस्रो क्याम्पस हुन सफल भयो। सेप कार्यक्रमको कार्य सम्पादन पछि विश्वविद्यालय अनुदान आयोग UGC ले अर्को कार्यक्रम उच्च शिक्षा सुधार परियोजना (HERP) संचालन गरेपछि दमक क्याम्पसले पनि उक्त परियोजना प्राप्तिका लागि प्रस्ताव पेश गरेर अन्तर्राष्ट्रिय विज्ञ सहितको विशेषज्ञहरूको मूल्याङ्कन टोलीको पटक-पटकको निरीक्षण र मूल्याङ्कन पश्चात् मिति २०७४ मंसिर २७ गतेका दिन यस क्याम्पसले QAA को नवीकरण सहित रि एक्रीडेशन हुने क्रममा देशभरिकै पहिलो क्याम्पस भएको कुरा सर्वविदितै छ।

यस परियोजनाको अवधि पछि पनि U.G.C. बाट सञ्चालित भएको NEHEP परियोनाका लागि सम्झौता गरिएको छ र पुन : तेस्रो पटक Re-accreditation का लागि SSR बुझाइ प्रक्रिया अगाडि वढाइएको छ र क्याम्पस UGC भिजिटका लागि प्रतीक्षामा रहेको छ।

**विद्यार्थी, प्राध्यापक, कर्मचारी संख्या र अन्य विवरण :**

क्याम्पस स्थापना भएको २०३८।२०३९ मा ४४० विद्यार्थीले प्रवेश लिई प्रारम्भ भएको यस क्याम्पसमा हरेक साल विद्यार्थी संख्या थपघट हुँदै आउने क्रममा यस वर्ष क्याम्पसका सवै तहमा गरी विद्यार्थी संख्या ४३४३ रहेको छ। त्यस्तै प्राध्यापकहरूको संख्या ६८ रहेको छ भने सुरक्षा गार्ड सहित कर्मचारीको संख्या २३ रहेको छ। यसै गरी विगत ४१ वर्षमा यस क्याम्पसबाट करिब २० हजार पाँच सय भन्दा बढी विद्यार्थीहरूले आ-आफ्नो तह पार गरिसकेका छन्। यस सम्बन्धी अन्य विस्तृत जानकारी दमक क्याम्पस स्मारिका-१ (२०५२), स्मारिका-२ (२०६२), क्याम्पस बुलेटिन १,२,३,४,५ र ६, दमक क्याम्पस झलक -२०७१ र दमक क्याम्पस स्मारिका-३ (२०७२), लगायत क्याम्पसका अन्य प्रकाशनमार्फत सार्वजनिक गरिएको छ।

**पुस्तकालय, ल्याब तथा शैक्षिक सामग्रीको अवस्था :-**

हाल क्याम्पसको पुस्तकालयमा पाठ्य-पुस्तक, सन्दर्भ पुस्तक र जर्नल गरी करिव ५४००० हजार पुस्तक रहेका छन् भने थप पुस्तक खरिद गर्नुका साथै पुस्तकालयलाई ई लाइब्रेरीका रूपमा विकसित गर्दै लगिएको छ। यस क्याम्पसमा विज्ञान विषयमा +२ देखि वि.एस्सी. सम्मको अध्ययन-अध्यापन हुने भएकाले त्यसका निम्ति आवश्यक पर्ने स्तरीय प्रयोगशालाको व्यवस्था गरिएको छ। साथै वि.वि.ए.वि.सि.ए. वि.एस डव्लु जस्ता विषयहरूका लागि चाहिने आवश्यक सामग्रीहरूको व्यवस्थापन गरिएको छ। यस वर्षको नया कार्यक्रममा दमक बहुमुखी क्याम्पसबाट सार्वजनिक हितका लागि समेत उपयोग हुने गरी क्याम्पसको प्रत्यक्ष निगरानीमा पव्लिक लाइवेरीको प्रारम्भ गर्ने योजना वनाइएको छ।

प्रयोगशालामा चाहिने आवश्यक सामग्रीको यथेष्ट व्यवस्था गरिएको छ। आधुनिक प्रविधिको (T.V., Projector) को उपयोग गरेर निश्चित कक्षाहरू सञ्चालनको व्यवस्था मिलाइएको छ। प्राध्यापक तथा कर्मचारीहरूलाई पेशागत क्षमता वृद्धिका लागि ल्यापटप वितरण गरिएको छ। यसबाट प्राध्यापकहरूको कार्यकुशलता र पेशागत क्षमतामा वृद्धि भएको छ। क्याम्पसका गतिविधिलाई क्याम्पस प्रमुखकै कोठाबाट निरीक्षण गर्न सहयोग पुगोस् भन्नका लागि सी.सी. क्यामेरा पनि जडान गरिएको छ। साथै क्याम्पसका आन्तरिक अभिलेखलाई व्यवस्थित राख्न EMIS System मा लगिएको छ। त्यस्तै क्याम्पसको सूचना प्रणालीलाई आधुनिकीकरण गर्न Web Site निर्माण गरी यसको माध्यमबाट सूचना व्यवस्थित गरीने व्यवस्था मिलाउन आधुनिक सूचना प्रविधिलाई प्रयोगमा ल्याइएको छ।

**विगतमा संचालित कार्यक्रमबाट प्राप्त उपलब्धि :**

UGC को मापदण्ड अनुसार SHEP कार्यक्रम संचालन गरी UGC को मापदण्डमा प्रवेश गर्न पाउनु नै यस क्याम्पसको एउटा उपलब्धि हो। त्यसपछि मूल्याङ्कनका विभिन्न चरणहरू पार गरी QAA को प्राप्ति र यसको ५ वर्षे कार्य सम्पन्न गरे पश्चात् उच्च शिक्षा सुधार परियोजना (HERP) कार्यक्रममा अघि बढ्न पाउनु यसको अर्को उपलबिब्ध मान्न सकिन्छ। यसै गरी देशभरीबाट छनौट भई नेहेप (NEHEP) कार्यक्रममा प्रवेश गर्न पाउनु अर्को थप उपलब्धि भएको छ। QAA को नवीकरणमा देशभरिकै पहिलो क्याम्पस हुन सफल

भएको छ। क्याम्पसमा हाल भइरहेको भौतिक निर्माण तथा सुधार, छात्रवृत्तिहरूको व्यवस्था, अनुसन्धान व्यवस्थापन, जर्नल प्रकाशन, सेमेष्टर कार्यक्रम अर्न्तगतका कक्षाहरू श्रव्य दृश्य समाग्रीहरूको प्रयोग, गुणस्तरीय प्रयोगशाला र पुस्तकालयको उचित व्यवस्थापन थप उपलब्धि नै मान्नु पर्दछ। हाल सम्म UGC बाट प्राप्त अनुदान र स्वीकृत कार्यक्रमहरूलाई पनि उपलब्धि नै मान्नु पर्दछ। पुरानो भवन जीर्ण हुँदै गइरहेको आवस्थामा क्याम्पस प्राङ्गणको उत्तर पट्टि वनिरहेको र निर्माणको अन्तिम चरणमा पुगेको आधुनिक सुविधा सम्पन्न र भूकम्प प्रतिरोधी भवनको निर्माण कार्य सम्पन्न भए पछि निर्माण कार्यमा क्याम्पसले लामो फड्को मारेको छ। यसका लागि यस क्याम्पसका पदेन सदस्य, संम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीलाई पहल र सहयोगका लागि विशेष धन्यवाद दिन चहान्छु। अन्य विषेश रूपमा क्याम्पसले प्राप्त गरेका उपलब्धिहरूलाई यस प्रकार राख्न सकिन्छः-

१. शैक्षिक गुणस्तरवृद्धिका संयन्त्रहरूको विकास, कार्यान्वयन र मूल्याङ्कनको परिपाटीको विकास।
२. विभागहरूको सशक्तीकरण, कार्यनिर्देशन परिपालनमा अहम् भूमिका निर्वाह।
३. प्राध्यापक कर्मचारी तथा विद्यार्थीहरूमा अनुसन्धान संस्कृतिको विकास गर्न, Research Funds को प्रवन्ध गरी अनुसन्धान सहयोगको व्यवस्था।
४. क्याम्पसबाट नियमित रूपमा जर्नल प्रकाशन । हाल सम्म १२ अङ्क प्रकाशित।
५. क्याम्पसका सरोकारवाला पक्षहरूसँग नियमित रूपमा अन्तर्क्रिया संम्वाद गरी सरसल्लाह, सुझाव लिने व्यवस्थालाई थप प्रभावकारी बनाई अघि वढाइएको अवस्था।
६. वार्षिक शैक्षणिक कार्यतालिका (Yearly Operation Calendar) को माध्यमबाट शैक्षिक एवं प्राज्ञिक गतिविधि सञ्चालन।
७. विभाग प्रमुखहरूको माध्यमबाट विभागीय वार्षिक कार्ययोजना र विषयसँग सम्बनधित प्राध्यापकद्वारा Subject Plan तयार गरी कार्यन्वयन गर्ने परिपाटीको विकास।
८. समुदाय केन्द्रित कार्यत्रमहरू संचालन। बिषय विज्ञहरूको सेवा लिई विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा जोड।
९. बैंकिङ्ग तालिम, Internship , Computer तालिम Counseling को व्यवस्था।
१०. विद्यार्थीलाई लक्षित गरी Project work, Field Survey, Research Activities संचालन।
११. Resource Mobilization अन्तर्गत विभिन्न कार्यहरू गरी आवश्यक भौतिक पूर्वाधार निर्माण।
१२. विगतमा यी कार्यक्रमहरू मध्ये केही कोभिडको कारण प्रभावित वनेकोमा अनलाइन कक्षा संचालन गरी कोभिडको प्रभावलाई न्यूनीकरण गरिएको छ।
१३. विभिन्न वैङ्क,सहकारी संघ संस्थाहरू संग MOU गरीएको र थप गर्दै लाने योजना।
१४. दमक १० स्थित सगरमाथा आधारभूत विद्यालय र दमक १० मा भावना टोलसँग MOU गरी विविध प्रकारका सहयोग गर्दै लगिने योजना। साथै आगामी दिनहरूमा अन्य क्षेत्रमा पनि सर सहयोग अघि वढाइने योजना।
१५. विद्यार्थी तथा युवा प्राध्यापक लक्षित उद्यमशीलता सहायता कार्यक्रम संचालन तथा उत्कृष्ट ४ योजनाहरूलाई राष्ट्रिय स्तरमा छनौटका लागि विश्वविद्यालय अनुदान आयोगमा पेश गरिएको छ।
१६. कर्मचारीहरूका लागि विविध प्रकारका क्षमता अभिवृद्धि तालिमहरू संचालन।
१७. प्राध्यापकहरूलाई क्षमता अभिवृद्धीका लागि विविध तालिम गोष्ठीमा पठाइएको।
१८. क्याम्पसमा विविध प्रकारका अनुसन्धानमुखी गोष्ठीहरू संचालन गरेको।
१९. १० जना प्राध्यापकहरू द्वारा Ph.D गर्दै गरेको अवस्था।
२०. अनुसन्धान प्रयोगशाला स्तर उन्नति गरिएको।
२१. क्याम्पस Website को समय सापेक्ष स्तर उन्नति गरिएको।
२२. चमेनागृहको थप सुधार गरीएको।
२३. केही विभागीय कक्षहरूलाई थप व्यवस्थित गरिएको।
२४. नया पुस्तकालय भवनको प्रदेश सरकार मार्फत DPR संम्पन्न गरी कार्य अघि वढाइएको।

२५. विभिन्न कक्षाकोठाहरूमा पठन पाठनमा सहजता हुने गरी टेलिभिजन जडान गरी वातानुकूलितका लागि एसी जडान गरी पठन पाठन सुचारू गरिएको ।

२६. पुस्तकालयलाई E- libray मा परिणत गरी कम्प्युटरको पनि व्यवस्था गरिएको । साथै समय सापेक्ष सुधार गर्दै लगिने योजना ।

२७. प्रशासन भवन देखी मूल भवन सम्म Intor lock गरी क्याम्पसका विभिन्न ठाउमा अपाङ्गमैत्री संरचनाको विकास गरिएको ।

**विद्यार्थी, प्राध्यापक वर्गमा पठन पाठनका लागि सहजीकरण**

कहिले अत्याधिक गर्मी हुने कहिले धेरै चिसो हुने र पठन-पाठनमा वातावरणीय नकरात्मक प्रभाव पर्ने अवस्थालाई ध्यानमा राखी वातावरणीय असरको अवस्थालाई हेरेर क्याम्पसमा १४थान AC जडान गरिएको छ र अझै बढाउदै लाने व्यवस्था गरीएको छ। प्रत्येक कक्षा कोठामा यथेष्ट पंखाहरू जडान गरिएको छ । अनुसन्धान एकाई मार्फत अनुसन्धानको वातावरण वनाइएको छ । पुस्तकहरू थप गरिएको छ। पर्याप्त मात्रामा शुद्ध पिउने पानिको व्यवस्था गरिएको छ। क्याम्पसको चमेना गृहलाई सुधार गरिएको छ। प्रशासनिक भवन माथि तलो थपेर एउटै भवनमा संम्पूर्ण प्रशासनिक कामहरू गर्ने वातावरण बनाइएको छ। स्मार्ट टि.भि.जडान गरी कक्षा कोठामा श्रव्य दृश्यको प्रविधि मार्फत पठन पाठनको व्यवस्था गरिएको छ। साथै आगामी दिनमा संम्पूर्ण कक्षा कोठाहरू स्मार्ट टेलिभिजन जडान गरी पठन-पाठनको व्यवस्था गर्दै आधुनिकीकरणको प्रयास गरिने कार्यक्रम रहेको छ।

निश्चय पनि व्यवस्थापकीय र भौतिक सुधारमा समितिको भूमिका बढी रहन्छ भने यसको शैक्षिक गुणस्तरीयता र प्राज्ञिक उन्नयनमा प्राध्यापकहरूको भूमिका बढी रहन्छ । प्रशासनलाई चुस्त दुरूस्त राख्न कर्मचारीको भूमिका अपरिहार्य रहन्छ । त्यस्तै पठन-पाठनमा स्वस्थ प्रतिस्पर्धाको भावना जगाई उत्तीर्ण प्रतिशत र प्राप्ताङ्कमा बढोत्तरी गर्न विद्यार्थीहरूको भूमिका पनि विशेष रहन्छ। त्यसैले संचालक समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावकहरू आ-आफ्नो भूमिकामा सजग रहन सकेमात्र शैक्षिक संस्थाको उन्नति हुन सक्छ भन्ने कुरामा हामी विश्वस्त छौं।

**आगामी कार्यक्रम :**

दमक बहुमुखी क्याम्पस संञ्चालक समितिका तत्कालीन अध्यक्ष श्री देवीप्रसाद दाहालको नेतृत्वमा संञ्चालक समितिका तर्फबाट प्रतिनिधि मण्डलको नेतृत्व गरी मिति २०७६।१०।१८ मा प्रधानमन्त्रीको कार्यालयमा माग पत्र पेश गरीएकोमा त्यसलाई पुन : स्मरण गराई कार्यान्वयन पक्षलाई अगाडी बढाउन मिति २०७७।०९।०५ मा क्याम्पस संञ्चालक समितिका सदस्य तथा शिक्षण उप समितिका संयोजक श्री अम्बिकाप्रसाद खनालज्यूको नेतृत्वमा क्याम्पस प्रमुख लगायत ५ सदस्यीय प्रतिनिधि मण्डलले क्याम्पसको भौतिक निर्माणका बारेमा तत्कालीन प्रधानमन्त्रीको कार्यालयमा गई माग पत्र पेश गरे अनुसार दमक न.पा.को सिफारिसमा संघीय सरकारको अनुदान अन्तर्गत भौतिक संरचना निर्माण शीर्षकमा क्याम्पस प्राङ्गणको उत्तरपट्टि अण्डर ग्राउण्ड पार्किङ्ग, सहीत १८ वटा सटर, त्यसमाथि सुविधा सम्पन्न कक्षा कोठामा आधुनिक फर्निचरका सामाग्री सहितको सुविधा सम्पन्न ५ तले भवन निर्माणका लागि रू. दश करोड बजेट उपलब्ध गराउन संघीय सरकारबाट आश्वासन प्राप्त भए अनुरूप यस क्षेत्रका सांसद सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूको निर्देशनमा दमक न.पा.मार्फत अनुदान प्राप्त भई मिति २०७८ साल जेष्ठ १४ गतेका दिन सम्मानीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यू वाट शिलान्यास भई निर्माण कार्य प्रारम्भ भएको र करीव ९० प्रतिशत निर्माण कार्य सम्पन्न भएको उक्त संरचनाको निर्माण कार्य र आवश्यक भौतिक संरचना तयारी गर्नका लागि वर्तमान सरकारबाट पनि निरन्तरता प्राप्त हुने छ भन्ने कुरामा हामी विश्वस्त छौ । उक्त कार्यका लागि नेपाल सरकार लगायत संम्वन्धित निकायहरूप्रति आभारसहित क्याम्पसका तर्फवाट धन्यवाद प्रकट गर्दछौ । साथै सञ्चालक समिति सदस्य तथा पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन समितिका संयोजक श्री वेदु गौतमको नेतृत्व र क्रियाशीलतामा २०८० जेठ महिनामा क्याम्पसमा पर्याप्त मात्रामा विद्युत आपूर्तिका लागि ट्रान्सफरमर जडान गरिएको छ। यसका लागि विद्युत प्राधिकरण तथा सम्बन्धित सबैलाई धन्यवाद दिन चाहान्छु । त्यस्तै गौतमजी कै नेतृत्व र क्रियाशिलतामा रू तीन करोडको लागतमा सुविधा र उपकरण सहितको पुस्तकालय भवन वनाउनका लागि कोशी प्रदेश सरकार बाट DPR भई ठेक्का लाग्ने अवस्थामा पुगेको छ।

**क्याम्पसले आगामी कार्यक्रमका लागि निम्न कार्यक्रमहरू गर्ने लक्ष्य राखिएको छ :-**

❖ क्याम्पसमा आन्तरिक तथा वाह्य स्रोतहरूको खोज, परिचालन र व्यवस्थापन गर्दै आर्थिक र भौतिक सुधार गर्ने ।

- क्याम्पस प्राङ्गणको उत्तरपट्टिको भवनलाई यथाशीघ्र रङ्ग, रोगन,फर्निचर,व्यवस्थापन र शैक्षिक सामाग्री व्यवस्था गरी प्रयोगमा ल्याउने ।
- क्याम्पसको २० वर्षे गुरू योजना (Master Plan) को विस्तृत DPR तयार गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरूसँग सम्बन्ध विस्तारको कार्य अघि बढाउने ।
- विद्यार्थीहरूको भर्ना दर र उत्तीर्ण प्रतिशत बढाउने खालका गतिविधि गर्नुका साथै बिचैमा कक्षा छाड्ने प्रवित्तिलाई न्यूनीकरण गर्ने ।
- नयाँ भवनमा सौर्य उर्जा जडानका लागि दातृ निकायको खोजी गर्ने कार्यलाई अघि बढाउने ।
- विद्यार्थीहरू माझ आगामी दिनमा उद्यमशीलता सम्बन्धी गोष्ठी, तालिम लगायतका गतिविधिहरू अघि बढाई रोजगारीका लागि देश भित्रै संम्भावनाहरू छन् भन्ने भावनाको विकास गराउने ।
- यस संस्थाबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई रोजगारीका लागि रोजगार प्रवर्द्धनसेल मार्फत सहयोग पुऱ्याउने ।
- नयाँ शैक्षिक कार्यक्रमको रूपमा वि.एस.सी.सि.एस.आइ.टी. लगायत BIM, BBM, BIT, BE जस्ता समयानुकूल कार्यक्रमहरू थप गर्नका लागि प्रयत्न गरिने ।
- क्याम्पस र समुदयाका वीचमा सुमधुर सम्बन्ध कायम गर्दै कार्यक्रमहरू अघि बढाइने ।
- क्याम्पसलाई प्राज्ञिक तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्दै लाने ।
- विगतको कोरोना कालमा पनि अन लाइन कक्षाको माध्यमबाट क्याम्पसको शैक्षिक गतिविधि बढाइएको अनुभवबाट अन्य अन लाईन प्लेट फर्मको सम्भाव्यताको पनि खोजी गर्ने ।
- पुस्तकालय तथा प्रयोगशाला विस्तारको कार्यलाई थप अघि बढाइने ।
- क्याम्पसका सरोकारवाला सबैलाई सामूहिक जिम्मेवारी र कर्तव्यबोध गर्न अभिप्रेरित गरिने
- महिला, दलित, सीमान्तकृत जनजाति, फरक क्षमता भएका, विपन्न तथा निमुखा एवम् वञ्चितीकरणमा परेका विद्यार्थीहरूको क्याम्पस प्रवेशमा सहजीकरण गरिने ।
- यातायातका साधन प्रयोग गरेर आउने विद्यार्थीहरूको सुविधा र समयको पावन्दीलाई ध्यानमा राखी १० वटा सम्म क्याम्पस बस चलाउन योजना बनाइएको र एउटा बाट प्रारम्भ गरिएको ।
- टाढाबाट आउने विद्यार्थीहरूका लागि सुविधा सम्पन्न छात्रवासको निर्माणका लागि सम्भाव्यता अध्ययन र आर्थिक स्रोतको खोजी गरिने ।

**क्याम्पसका चुनौतीहरू**

- अनुमानित विद्यार्थी संख्या र कोटा अनुसारका विद्यार्थीहरू भर्ना गर्न थप क्रियाशील हुनुपर्ने ।
- क्याम्पसको आर्थिक अवस्थालाई थप सुदृढ गर्न प्रयास गर्नु पर्ने ।
- विद्यार्थीको नतिजालाई अपेक्षाकृत सुधार गर्न अझै प्रयास गर्नु पर्ने ।
- शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सबै कक्षा कोठामा उपयुक्त ढंगले आधुनिक फर्निचर इ-कक्षा कोठा (E- Class Room) तथा अन्य सुविधा व्यवस्थापन भएता पनि ठोस रूपमा उपलब्धिका लागि अझ प्रयास गर्नुपर्ने ।
- अनुसन्धान कार्यलाई अपेक्षाकृत प्रभावकारी बनाउन अझ प्रयास गरिनु पर्ने ।
- विद्यार्थी आवागमनका लागि यातायातको व्यवस्था पर्याप्त मात्रामा गर्न नसकिएको ।
- अहिलेको विद्यार्थीहरूको विदेश मोह तथा नजिकमा एउटै प्रकृतिका नयाँ नयाँ क्याम्पसहरू थपिदै जाँदा विद्यार्थीहरूको चाप घट्ने सम्भावना रहको ।
- टाढाबाट आउने विद्यार्थीहरूका लागि छात्रावासको अभाव रहेको ।
- न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्न कठिनाइ रहेको ।
- संम्पूर्ण प्राध्यापकहरूलाई अनुसन्धान कार्यमा सामेल गराउन नसकिएको ।
- नयाँ शैक्षिक कार्यक्रमका लागि थप जग्गाको व्यवस्थापन गर्न नसकिएको ।

- ❖ विद्यार्थीहरूको ड्रप आउट (Dropt Out) लाई रोक्न कठिनाइ भएको ।

**क्याम्पसका अवसरहरू:**

- ❖ दमक क्याम्पसले निःशुल्क सर्वसुलभ र गुणस्तरीय शिक्षा दिन प्रयास गरिरहेको ।
- ❖ क्याम्पसलाई शैक्षिक क्षेत्रको तालिम तथा प्रशिक्षण केन्द्रका रूपमा विकास गर्न सकिने अवस्था रहेको ।
- ❖ क्याम्पसको शैक्षिक गुणस्तर सुधारले यस क्षेत्रको रोजगारी र अन्य अवसरका सम्भावनाहरूमा बृद्धि भएको
- ❖ यस क्षेत्रको शैक्षिक नेतृत्व लिन सक्ने अवस्था रहेको ।
- ❖ क्याम्पसलाई पाठ्यसामाग्री र शैक्षिक जनशक्तिको केन्द्र बनाउन सकिने ।
- ❖ विद्यार्थी र समुदायको माग अनुसार हाल सञ्चालन भइरहेका बाहेक अन्य नयाँ विषयमा कक्षाहरू सञ्चालन गर्न सकिने सम्भावना रहेको ।
- ❖ आम प्राध्यापक तथा विद्यार्थीहरूवीच अनुसन्धानमुखी धेरै कार्यहरू गर्न सकिने सम्भावना रहेको र यसलाई सार्थक तुल्याउन हाल २ जना पी.एचडी सहित करिब १ दर्जन प्राध्यापकहरू पि.एचडी अनुसन्धानमा कार्यरत् रहेको । एम.फिल गर्ने र गर्दै गर्नेको संख्या वढ्दै गएकाले काम अघि वढिरहेको मान्न सकिन्छ ।
- ❖ २०८०।०८१ मा अनुसन्धान व्यवस्थापन एकाई RMC मार्फत ९ वटा लघु अनुसन्धान सम्पन्न भएका छन् ।
- ❖ क्याम्पसमा निर्माण हुँदै गरेका व्यापारिक प्रयोजनका सर्टरहरूलाई उपयोग गरी आन्तरिक आम्दानी बढाउन सकिने ।

क्याम्पसले एकै शैक्षिक केन्द्रवाट समय सापेक्ष र समयको माग अनुसारको शिक्षा प्रदान गर्ने उदेश्यले दमक क्याम्पसलाई अघि वढाउने क्रममा सूचना प्रविधिको उच्च अध्ययन शुरू गरिएको छ । सूचना प्रविधिको उत्कृष्ट अध्ययन स्थल बनाउनेतर्फ कार्यहरू भइरहेका छन् । निर्माणाधीन भवनहरू संम्पन्न भए पछि आइटी शिक्षामा दमक बहुमुखी क्याम्पस भरपर्दो गन्तव्य बन्ने छ भन्ने कुरामा विश्वास लिइएको छ । साथै त्रि.वि.बाट B.B.A. कक्षामा सेक्सन थप भइसकेको छ । यस क्याम्पसलाई यहाँसम्म आइपुग्न संघीय सरकार, प्रादेशिक सरकार, दमक नगरपालिका, स्थानीय समुदाय र शुभेच्छुक दातृ निकायहरूबाट जे जति न्यानो माया प्राप्त भयो त्यसमा अझै थप सहयोग जुटाउन संञ्चालक समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावक तथा सरोकारका सम्पूर्ण पक्षको काँधमा प्रतिवद्धता र इमान्दारिताका साथ अथक प्रयास गर्नुपर्ने जिम्मेवारी थपिएको छ ।

**विविध**

- ❖ यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूको सेवा, सुविधा र सर्तका बारेमा यस क्याम्पसलाई सम्बन्धन दिने त्रि.वि.को नीति, नियम र निर्देशन बमोजिम संचालक समितिको निर्णय अनुसार नीति तय गरी क्रमशः लागु गर्ने व्यवस्था मिलाइने छ ।
- ❖ क्याम्पसमा विगतमा सम्पन्न वृहत् विज्ञान प्रदर्शनी, १२ अङ्कसम्म दमक क्याम्पस जर्नल प्रकाशन, अंग्रेजी विभागबाट प्रकाशित "**द वेभ**" तथा विद्यार्थीहरूका प्रकाशन जस्ता प्रकाशन कार्यहरूले क्याम्पसलाई अघि बढ्न निकै सहयोग पुऱ्याएका छन् । यस्ता कार्यप्रति धन्यवाद प्रकट गर्दै आगामी दिनमा यस्ता शैक्षिक तथा प्राज्ञिक उन्नयनका क्षेत्रमा लागि पर्न कार्यरत प्राध्यापकहरूमा अनुरोध गर्दछु । क्याम्पसको संकायगत परीक्षाफल र आर्थिक अवस्थाको जानकारी क्याम्पस प्रमुखको आर्थिक प्रतिवेदनमा आउने कुरा जानकारी गराउन चाहन्छु ।
- ❖ क्याम्पसको सर्वोच्च निकायको रूपमा जग्गादाता, चन्दादाता, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिकर्मी, महिला, व्यापारी, उद्योगपति, बुद्धिजीवी, अभिभावक आदि विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी बढीमा २३१ सदस्य रहने क्याम्पस सभाको व्यवस्था भए बमोजिम यसैबाट सञ्चालक समितिको चयन गर्ने व्यवस्था छ । यसै व्यवस्था अनुसार मिति २०७९।११।१८ गते गठित मौजुदा सञ्चालक समितिले आफूलाई प्राप्त जिम्मेवारी इमान्दारितापूर्वक पूरा गर्ने प्रयास रहेको छ । विगतको क्याम्पस सभामा उठेका आर्थिक, प्रशासनिक तथा शैक्षिक सुधारका कुराहरूलाई कार्यान्वयन गर्ने अधिकतम प्रयास गरिएको छ । शैक्षिक गुणस्तर सुधार पेशागत दंक्षता अभिवृद्धि र क्याम्पसको उन्नयनका लागि प्राध्यापकहरूलाई क्याम्पस विधानमा व्यवस्था भए बमोजिम दीर्घकालीन

अनुसन्धान (एम.फिल तथा पि.एचडी.) का लागि प्रेरणा प्रदान गर्दै निश्चित समयका लागि विदा दिने व्यवस्था मिलाइएको कुरा पनि अवगत गराउँछु। साथै बढुवाका लागि समय पूरा भएका प्राध्यापकहरूको बढुवा प्रक्रिया प्रारम्भ गरिएको छ।

❖ यस क्याम्पसको आन्तरिक लेखा परीक्षण लेखा समितिबाट र मान्यता प्राप्त लेखा परीक्षकबाट अन्तिम लेखा परीक्षण गराई हिसाव किताबमा पारदर्शिता कायम गरिएको छ।

❖ यस क्याम्पसमा स्थायी सेवाका रूपमा काम गरी अवकाश लिने प्राध्यापक तथा कर्मचारीहरूलाई क्याम्पस विधान बमोजिम उपलब्ध गराइने उपादान आदि सुविधा उपलब्ध गराउन विगतमै क्याम्पसले आन्तरिक स्रोतबाट "**प्राध्यापक कर्मचारी कल्याण अक्षयकोष**" स्थापना गरी उक्त कोषमा केही रकम जम्मा गरिएकोमा अवकाशको दर उच्च भएकाले यस कोषले धान्न नसक्ने अवस्था रहेकाले यसमा केही रकम छुट्याउनु पर्ने र अन्य वैकल्पिक स्रोतको खोजी गर्नु पर्ने अपरिहार्यता देखिएको छ।

❖ शैक्षिक संस्थाहरूको प्राण नै परिणाममा गुणात्मक सुधार हो । प्रत्येक संकायको परीक्षाफलको समूल समीक्षा गरी गुणात्मक र परिमाणात्मक सुधार गर्न सके मात्र हाम्रो जस्तो पब्लिक संस्थाको दीर्घ जीवन कायम रहन्छ र आर्थिक रूपमा सक्षम र सवल बन्दछ भन्ने कुरालाई आत्मसात् गरी अघि बढ्न म सम्बन्धित सबै पक्षमा हार्दिकताका साथ अनुरोध गर्दछु। शैक्षिक र गुणात्मक सुधारका लागि आन्तरिक मूल्याङ्कन परीक्षालाई गम्भीरतापूर्वक लिन र राजनीतिक आग्रह तथा पूर्वाग्रहबाट माथि उठी प्राप्त गरेको शिक्षालाई गुणात्मक बनाई भावी जीवन सुखमय बनाउन म सम्पूर्ण विद्यार्थीहरूमा आग्रह गर्दछु । साथै आफ्ना सन्ततिहरूको उज्ज्वल भविष्यतर्फ सजग रही यस कार्यमा सहयोग पुऱ्याउन सचेत अभिभावक महानुभावहरूमा पनि अनुरोध गर्दछु।

अन्त्यमा दमक क्याम्पसलाई यस अवस्थासम्म ल्याइपुऱ्याउन सहयोग पुऱ्याउने त्रि.वि.,विश्वविद्यालय अनुदान आयोग (UGC) स्व.सु. डम्बरबहादुर अधिकारी लगायत जग्गादाता महानुभावहरू, नगद सहयोग उपलब्ध गराउने दाता महानुभावहरू, विश्वविद्यालय अनुदान आयोग, संघीय सरकार, प्रादेशिक सरकार, दमक नगर पालिका, निर्माण कार्यमा विगतदेखि वर्तमानसम्म लागिपर्ने सहयोगी मित्रहरू, पठन-पाठन कार्यमा संलग्न प्राध्यापकवर्ग, कार्यरत कर्मचारी तथा क्याम्पसको उन्नति र प्रगतिका लागि अन्य आर्थिक, शैक्षिक, भौतिक तथा नैतिक सहयोग उपलब्ध गराउने महानुभावहरू, स्व.वि.यू., संघ, संगठन मार्फत् रचनात्मक कार्यमा सहयोग पुऱ्याउने विद्यार्थी पदाधिकारीहरू, विद्यार्थी प्रतिनिधि संस्थाहरू लगायत सम्पूर्ण विद्यार्थी भाइवहिनीहरू तथा यस क्याम्पसका अभिभावकहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछौं । यहाँहरूको निरन्तर सहयोग प्राप्त भएमा यस क्याम्पसको गरिमा उच्च बनाइराख्न, विद्यार्थीहरूलाई नयाँ-नयाँ विषयको अध्ययन गर्ने अवसर दिन, प्राध्यापक तथा कर्मचारीको सेवा सर्तहरूको संरक्षण गर्दै सुनिश्चित भविष्यप्रति ढुक्क पार्न, नवीन प्रतिभाहरूलाई क्याम्पसतर्फ आकर्षित गर्न र अभिभावहरूले उच्चस्तरीय र गुणात्मक शिक्षाका लागि गरेको लगानीलाई खेर जान नदिई विद्यार्थीहरूको शैक्षिक प्रगति र उन्नतिका लागि प्रतिवद्ध रहेको कुरा पनि जानकारी गराउँछु। क्याम्पसलाई विगतमा सहयोग पुऱ्याउने स्व. डम्बरबहादुर अधिकारी, स्व. केदार बस्नेत स्व. धनबहादुर श्रेष्ठ लगायत क्याम्पसका पूर्व सदस्यहरू, क्याम्पस सभासद्हरू, विद्यार्थी, अभिभावक लगायत सम्पूर्ण दिङ्गंगत आत्माको चिरशान्तिको प्रार्थनासहित गहिरो समवेदना प्रकट गर्दै यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा अभिवादनका साथ यो प्रतिवेदन समापन गर्दछु।

*धन्यवाद !*



मितिः २०८१ कार्तिक २१

ढुण्डीराज भण्डारी
अध्यक्ष
सञ्चालक समिति
दमक बहुमुखी क्याम्पस
दमक, झापा

# दमक बहुमुखी क्याम्पसको तेह्रौं क्याम्पससभाका
## अवसरमा क्याम्पस प्रमुखका तर्फबाट प्रस्तुत
## शैक्षिक एवम् आर्थिक प्रतिवदेन–२०८१

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सभासदज्यूहरू, विभिन्न सरकारी निकायका प्रमुख एवं प्रतिनिधिज्यूहरू, संञ्चालक समितिका सदस्यज्यूहरू, लेखा समितिका संयोजक एवं सदस्यज्यूहरू, सल्लाहकार समितिका संयोजक एवं सदस्यज्यूहरू, क्याम्पससभाका सभासदज्यूहरू, प्राध्यापक संघका सभापतिज्यू, तथा प्राध्यापकज्यूहरू, सञ्चारकर्मीज्यूहरू, कर्मचारी संघका अध्यक्ष तथा कर्मचारी मित्रहरू,यस क्याम्पसमा रहेका विभिन्न विद्यार्थी संगठनका अध्यक्षहरू, विद्यार्थी भाइबहिनीहरू, अभिभावकज्यूहरू एवं उपस्थित महिला तथा सज्जनवृन्द !

यस क्याम्पसको १३ औं क्याम्पससभाको अवसरमा आयोजना गरिएको यस कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित भइदिनु भएकोमा क्याम्पसको तर्फबाट साथै मेरो व्यक्तिगततर्फबाट सम्पूर्ण उपस्थित महानुभावहरूमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु । उच्च शिक्षा हासिल गराउने उद्देश्यका साथ स्थानीय जनता एवं दमकबासीको पहलमा २०३८ सालमा स्थापित यस क्याम्पसको अविच्छिन्न रूपमा गुणस्तरीय शिक्षाको लागि महत्वपूर्ण योगदान गरेको कुरा यहाँहरू सबैलाई सर्वविदितै छ । यसै क्याम्पसमा पूर्व अध्ययनरत विद्यार्थीहरूमध्येबाट अधिकांश रूपमा क्याम्पससभा सदस्य, संचालक समिति सदस्य, क्याम्पस प्रमुख, प्राध्यापक, कर्मचारी कार्यरत रहेको कुरा यहाँ उपस्थित महानुभावमा व्यक्त गर्न पाउँदा हामी गौरवान्वित भएका छौ । यस क्याम्पसको उत्तरतर्फ अन्डरग्राउड सहितको पाँच तले भवन प्रधानमन्त्री, यस क्याम्पसका पदेन सञ्चालक समिति सदस्य श्री के.पी. शर्मा ओलीको विगतको कार्यकालको सरकार मार्फत दमक नगरपालिकाको समन्वयमा निमार्ण भएको हो । यस भवनमा केही निर्माण कार्य र फर्निचर आदि भौतिक सुविधा थप गरेर मात्र उपयोगमा ल्याउन सकिने कुरा यहाँहरूलाई अवगत नै छ साथै वर्तमान सरकारवाट पनि वाँकी रहेको निर्माण कार्य पुरा गर्न सहयोग प्राप्त हुने छ भन्ने विश्वास व्यक्त गर्दछु । साथै वि.वि.ए. मा सेक्सन थप भई दुई सेक्सनमा पठन-पाठन भइरहेको व्यहोरा समेत जानकारी गराउँछु ।

यस क्याम्पसमा हालसम्म भइरहेका शैक्षिक तथा आर्थिक गतिविधिको झलक यस सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

### १. शैक्षिक कार्यक्रम :

**(क) शैक्षिक कार्यक्रम :**

क. व्यवस्थापन संकाय :- एम.वि.एस., वि.वि.एस., वि.वि.ए. र +२ व्यवस्थापन

ख. मानविकी संकाय :- एम. ए. अर्थशास्त्र, वि.ए., वि.सि.ए., वि.एस.डब्लु र +२ मानविकी

ग. शिक्षा संकाय :- एम.एड. अंग्रेजी, एम.एड. नेपाली, वि.एड. र +२ शिक्षा

घ. विज्ञान संकाय :- वि.एस.सी (वनस्पतीशास्त्र, रसायनशास्त्र, जीवशास्त्र, भौतिकशास्त्र, तथ्याङ्क गणित वातावरण विज्ञान) र +२ विज्ञान

## २०८१ साल असार मसान्त सम्मको संकायगत प्राध्यापकहरूको विवरण :

| संकाय | जम्मा | स्थायी | करार |
|---|---|---|---|
| व्यवस्थापन | २० | १४ | ६ |
| मानविकी / शिक्षा | २५ | १४ | ११ |
| विज्ञान | २४ | २४ | ० |
| जम्मा | ६९ | ५२ | १७ |

## २०८१ साल असार मसान्त सम्मको कर्मचारीहरूको विवरण :

| फाँट | जम्मा | विहानी सत्र | दिवा कालीन |
|---|---|---|---|
| प्रसाशन/परीक्षा | ९ | ३ | ८ |
| लेखा | २ | १ | १ |
| पुस्तकालय | ४ | २ | २ |
| प्रयोगशाला | ४ | ० | ४ |
| सरसफाई | २ | १ | १ |
| सुरक्षा गार्ड | २ | १ | १ |
| जम्मा | २३ | ८ | १५ |

## +२ तर्फ प्रणाली अर्न्तगत विद्यार्थी संख्या विवरण

| संकाय | (आ.व.) २०७८/०७९ | (आ.व.) २०७९/०८० | (आ.व.) २०८०/०८१ | अनुमानित (२०८१/०८२) |
|---|---|---|---|---|
| व्यवस्थापन | ७०८ | ७५२ | ६११ | ५०० |
| मानविकी | १११ | ४६ | ३७ | ३० |
| शिक्षा | ७३ | ८० | ८४ | ८५ |
| विज्ञान | २९९ | २५४ | १७८ | १८० |
| जम्मा | ११९१ | ११३२ | ९१० | ७९५ |

## कुल विद्यार्थी विवरण

| संकाय | (आ.व.) २०७८र०७९ | (आ.व.) २०७९र०८० | (आ.व.) २०८०/०८१) | अनुमानित (२०८१/०८२) |
|---|---|---|---|---|
| वार्षिक प्रणाली | ३४४५ | ३४९२ | २६५२ | २७५० |
| सेमेष्टर प्रणली | ५३३ | ५८५ | ७८१ | ७५५ |
| +२ तर्फ | ११९१ | ११३२ | ९१० | ७९५ |
| जम्मा | ५१६९ | ५२०९ | ४३४३ | ४३०० |

**नोट** : आ.व. २०८०।०८१ मा ४३४३ जना विद्यार्थी संख्या रहेको र अगामी शैक्षिक सत्र २०८१।०८२ मा ४३०० जना विद्यार्थी संख्या रहने अनुमान गरिएको छ।

# वार्षिक र सेमेष्टर प्रणाली अर्न्तगत संकाय विद्यार्थी संख्या विवरण

**2078**

| Faculty | Level Program Year | Boys | Girls | EDJ | Dalit | Madheshi | Total |
|---|---|---|---|---|---|---|---|
| Mgmt | BBS 1st | 322 | 391 | 37 | 37 | 26 | 713 |
| | BBS 2nd | 296 | 300 | 39 | 22 | 21 | 596 |
| | BBS 3rd | 203 | 209 | 35 | 10 | 5 | 412 |
| | BBS 4rth | 89 | 168 | 13 | 5 | 7 | 257 |
| | BBA 1st sem | 17 | 16 | 1 | 0 | 1 | 33 |
| | BBA 3rd sem | 9 | 20 | | 2 | 1 | 29 |
| | BBA 5th sem | 11 | 19 | | 0 | 0 | 30 |
| | BBA 7th | 11 | 19 | | 0 | 0 | 30 |
| HUM | BA 1st | 30 | 61 | 2 | 1 | 2 | 91 |
| | BA 2nd | 48 | 94 | 16 | 4 | 2 | 142 |
| | BA 3rd | 21 | 53 | 10 | 1 | 0 | 74 |
| | BA 4rth | 16 | 41 | 4 | 4 | 0 | 57 |
| | BCA 1st | 20 | 6 | 1 | 1 | 0 | 26 |
| | BCA 3rd | 17 | 17 | | 0 | 0 | 34 |
| | BCA 5th | 27 | 7 | 1 | 1 | 0 | 34 |
| | BCA7th Sem. | 17 | 6 | | 0 | 0 | 23 |
| EDU | BEd 1st | 41 | 193 | 14 | 7 | 5 | 234 |
| | BEd2nd | 39 | 200 | 16 | 7 | 2 | 239 |
| | BEd 3rd | 28 | 140 | 15 | 3 | 1 | 168 |
| | BEd 4th | 24 | 94 | 6 | 2 | 3 | 118 |
| Science | BSc 1st | 43 | 55 | 8 | 2 | 6 | 98 |
| | BSc 2nd | 42 | 54 | 3 | 0 | 1 | 96 |
| | BSc 3rd | 45 | 48 | 2 | 2 | 1 | 93 |
| | BSc 4rth | 25 | 32 | 9 | 4 | 4 | 57 |
| MA | MA 3rd | 4 | | | | | 4 |
| MBS | MBS 2nd | 70 | 67 | 6 | 3 | 7 | 137 |
| | MBS 3rd | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | MBS 4th | 46 | 64 | 2 | 1 | 6 | 110 |
| M.Ed. | M.Ed 2nd | 8 | 16 | 1 | 1 | 0 | 24 |
| | M.Ed3rd Sem. | 7 | 12 | 1 | 1 | 0 | 19 |
| G. Total | | 1576 | 2402 | 242 | 121 | 101 | 3978 |

**2079**

| Faculty | Level | Boys | Girls | EDJ | DALIT | MADHESHI | Total |
|---|---|---|---|---|---|---|---|
| Mgmt | BBS 1st | 291 | 372 | 33 | 30 | 41 | 663 |
| | BBS 2nd | 193 | 310 | 25 | 25 | 23 | 503 |
| | BBS 3rd | 302 | 305 | 36 | 22 | 11 | 607 |
| | BBS 4th | 162 | 187 | 24 | 7 | 8 | 349 |
| | BBA 1st | 12 | 36 | | 0 | 0 | 48 |
| | BBA 2ND | 13 | 17 | | 0 | 0 | 30 |
| | BBA 3rd | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | BBA 4th | 8 | 20 | | 2 | 1 | 28 |
| | BBA 5th | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | BBA 6th | 8 | 20 | 0 | 2 | 1 | 28 |
| | BBA 7th | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | BBA 8th | 11 | 18 | 2 | 0 | 2 | 29 |
| Hum | B.A. 1st | 23 | 25 | 1 | 1 | 0 | 48 |
| | B.A. 2nd | 19 | 39 | 1 | 1 | 1 | 58 |
| | B.A. 3rd | 49 | 93 | | 0 | 0 | 142 |
| | B.A. 4th | 15 | 43 | 6 | 1 | 0 | 58 |
| | BCA 1ST | 17 | 18 | | 0 | 1 | 35 |
| | BCA 2nd | 18 | 5 | | 0 | 1 | 23 |
| | BCA 3rd | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | BCA 4th | 25 | 7 | | 0 | 0 | 32 |
| | BCA 5th | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | BCA 6th | 17 | 6 | 1 | 1 | 0 | 23 |
| | BCA 7th | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | BCA 8th | 17 | 6 | 1 | 1 | 0 | 23 |
| Edu | B.Ed. 1st | 38 | 117 | 10 | 7 | 0 | 155 |
| | B.Ed. 2nd | 31 | 141 | 13 | 6 | 5 | 172 |
| | B.Ed. 3rd | 39 | 206 | 18 | 9 | 5 | 245 |
| | B.Ed. 4th | 23 | 115 | 12 | 4 | 3 | 138 |
| Science | B.Sc. 1st | 38 | 44 | 2 | 0 | 5 | 82 |
| | B.Sc. 2nd | 42 | 47 | 11 | 2 | 5 | 89 |
| | B.Sc. 3rd | 44 | 53 | 3 | 0 | 1 | 97 |
| | B.Sc. 4th | 42 | 44 | 4 | 2 | 3 | 86 |
| Master in Management | MBS 1ST | 37 | 73 | 5 | 2 | 6 | 110 |
| | MBS 2ND | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | MBS 3RD | 56 | 58 | 5 | 2 | 6 | 114 |
| Master in Education | M.Ed. 1ST | 8 | 13 | 1 | 0 | 1 | 21 |
| | M.Ed. 2ND | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | M.Ed. 3RD | 4 | 8 | 0 | 0 | 0 | 12 |
| Master in Humanities | MA 1ST | 9 | 4 | 0 | 0 | 0 | 13 |
| | MA 2ND | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | MA 3RD | 12 | 4 | 0 | 0 | 0 | 16 |
| G. Total | | 1623 | 2454 | 214 | 127 | 130 | 4077 |

**2080**

| Faculty | Level | Boys | Girls | EDJ | DALIT | MADHESHI | Total |
|---|---|---|---|---|---|---|---|
| Mgmt | BBS 1st Year | 254 | 331 | 24 | 24 | 23 | 585 |
| | BBS 2nd Year | 196 | 295 | 22 | 24 | 30 | 491 |
| | BBS 3rd Year | 102 | 198 | 16 | 13 | 17 | 300 |
| | BBS 4th Year | 109 | 159 | 10 | 7 | 14 | 268 |
| | BBA 1st Sem | 19 | 37 | 2 | 2 | 3 | 56 |
| | BBA 2ND Sem | 19 | 36 | 2 | 2 | 3 | 55 |
| | BBA 3rd Sem | 13 | 35 | 0 | 0 | 0 | 48 |
| | BBA 4th Sem | 16 | 14 | 2 | 0 | 2 | 30 |
| | BBA 6th Sem | 19 | 33 | 2 | 2 | 2 | 52 |
| | BBA 7th Sem | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | BBA 8th Sem | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Science | B.Sc. 1st Year | 49 | 102 | 2 | 4 | 6 | 151 |
| | B.Sc. 2nd Year | 32 | 37 | 2 | 0 | 2 | 69 |
| | B.Sc. 3rd Year | 38 | 38 | 9 | 1 | 5 | 76 |
| | B.Sc. 4th Year | 30 | 42 | 3 | 0 | 1 | 72 |
| Humanities | B.A. 1st Year | 10 | 25 | 0 | 0 | 1 | 35 |
| | B.A. 2nd Year | 13 | 21 | 0 | 1 | 0 | 34 |
| | B.A. 3rd Year | 6 | 23 | 1 | 1 | 1 | 29 |
| | B.A. 4th Year | 15 | 54 | 8 | 0 | 1 | 69 |
| | BCA 1ST Sem | 23 | 8 | 0 | 0 | 0 | 31 |
| | BCA 2nd Sem | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | BCA 3rd Sem | 15 | 16 | | 0 | 0 | 31 |
| | BCA 4th Sem | 17 | 5 | 1 | 1 | 0 | 22 |
| | BCA 5th Sem | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | BCA 6th Sem | 15 | 15 | 1 | 1 | 0 | 30 |
| | BCA 7th Sem | 25 | 7 | | 0 | 0 | 32 |
| | BCA 8th Sem | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Education | B.Ed. 1st Year | 21 | 106 | 6 | 8 | 2 | 127 |
| | B.Ed. 2nd Year | 30 | 94 | 9 | 5 | 0 | 124 |
| | B.Ed. 3rd Year | 16 | 95 | 9 | 5 | 3 | 111 |
| | B.Ed. 4th Year | 14 | 97 | 7 | 3 | 0 | 111 |
| MBS | MBS 1st Sem | 26 | 49 | 4 | 4 | 4 | 75 |
| | MBS 1st Year | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | MBS 2nd Sem | 25 | 47 | 4 | 4 | 4 | 72 |
| | MBS 3rd Sem | 26 | 63 | | 0 | 5 | 89 |
| | MBS 4th Sem | 43 | 48 | 4 | 2 | 4 | 91 |
| MA (Eco.) | M.A. 1st Sem | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | M.A. 2nd Sem | 9 | 6 | | 0 | 1 | 15 |
| | M.A. 3rd Sem | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | M.A. 4th Sem | 7 | 3 | 0 | 0 | 0 | 10 |
| M.Ed | M.Ed. 1ST Sem | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | M.Ed. 2nd Sem | 2 | 19 | 0 | 0 | 0 | 21 |
| | M.Ed. 3rd Sem | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | M.Ed. 4th Sem | 5 | 16 | 1 | 0 | 0 | 21 |
| G. Total | | 1259 | 2174 | 151 | 114 | 134 | 3433 |

## (ख) नतिजा विवरण

| Year | Stream Level | Exam appeared Students | | | | | Total | Pass Students | | | | | Total | Pass in Percentage |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Boys | Girls | EDJ | Dalit | Madeshi | | Boys | Girls | EDJ | Dalit | Madeshi | | |
| 2077 | Mgmt | 620 | 585 | 88 | 49 | 105 | **1205** | 103 | 126 | 16 | 10 | 20 | **229** | **19** |
| | Hum | 68 | 98 | 10 | 11 | 0 | **166** | 34 | 43 | 3 | 3 | 0 | **77** | **46.39** |
| | Edu | 100 | 262 | 27 | 10 | 4 | **362** | 15 | 67 | 4 | 2 | 0 | **82** | **22.65** |
| | Sci | 166 | 160 | 31 | 18 | 25 | **326** | 66 | 62 | 6 | 3 | 14 | **128** | **39.26** |
| | BCA | 47 | 12 | 2 | 2 | 0 | **59** | 36 | 9 | 2 | 2 | 0 | **45** | **76.27** |
| | BBA | 22 | 40 | 4 | 0 | 4 | **62** | 7 | 17 | 1 | 0 | 3 | **24** | **38.71** |
| | MBS | 192 | 252 | 8 | 8 | 25 | **444** | 83 | 143 | 7 | 7 | 14 | **226** | **50.9** |

| Year | Stream Level | Exam appeared Students | | | | | Total | Pass Students | | | | | Total | Pass in Percentage |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Boys | Girls | EDJ | Dalit | Madeshi | | Boys | Girls | EDJ | Dalit | Madeshi | | |
| 2078 | Mgmt | 543 | 738 | 116 | 38 | 46 | **1281** | 190 | 277 | 48 | 13 | 16 | **467** | **36.45** |
| | Hum | 21 | 59 | 4 | 4 | 0 | **80** | 14 | 36 | 3 | 3 | 0 | **50** | **62.5** |
| | Edu | 72 | 385 | 36 | 13 | 6 | 457 | 23 | 117 | 12 | 4 | 3 | **140** | **30** |
| | Sci | 109 | 90 | 19 | 9 | 7 | **199** | 72 | 47 | 13 | 7 | 4 | **119** | **59.79** |
| | BCA | 29 | 7 | 0 | 0 | 0 | **36** | 21 | 5 | 0 | 0 | 0 | **26** | **72.22** |
| | BBA | 57 | 102 | 6 | 4 | 8 | **159** | 50 | 93 | 6 | 4 | 8 | 50 | **143** |
| | MBS | 154 | 172 | 9 | 5 | 18 | **326** | 64 | 110 | 4 | 1 | 6 | **174** | **53.37** |
| | MA(Eco) | 6 | 0 | 0 | 0 | 0 | 6 | 0 | 0 | 0 | 0 | 0 | 4 | 0 |
| | M.Ed (Nep.&Eng) | 19 | 29 | 4 | 3 | 1 | 48 | 5 | 8 | 1 | 0 | 0 | 13 | 27.08 |

| Year | Stream Level | Exam appeared Students | | | | | Total | Pass Students | | | | | Total | Pass in Percentage |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Boys | Girls | EDJ | Dalit | Madeshi | | Boys | Girls | EDJ | Dalit | Madeshi | | |
| 2079 | Mgmt | 591 | 855 | | 51 | 58 | **1446** | 103 | 149 | | 8 | 10 | **252** | **17.43** |
| | Hum | | | | | | 262 | | | | | | **92** | **35.11** |
| | Edu | | | | | | **429** | | | | | | **94** | **21.91** |
| | Sci | | | | | | **217** | | | | | | **98** | **54.16** |
| | MBS Semester | | | | | | **287** | | | | | | **151** | **52.61** |
| | BBA | | | | | | **205** | | | | | | **174** | **84.88** |
| | BCA | | | | | | **125** | | | | | | **90** | **72** |
| | MA | | | | | | **21** | | | | | | **13** | **61.90** |
| | M.Ed | | | | | | **34** | | | | | | **5** | **14.17** |

# Graduate Trend Analysis of the Last Three Years

| Level | Program Name | 2077 | | | | | 2078 | | | | | 2079 | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | TOTAL | GIRLS | EDJ* | Dalits | Mad-hesi | TOTAL | GIRLS | EDJ* | Dalits | Madhesi | TOTAL | GIRLS | EDJ* | Dalits | Madhesi |
| Bachelor's level | **B.B.S** | 149 | 89 | **15** | **1** | **2** | 41 | 24 | **2** | **2** | **0** | 17 | 14 | 2 | 1 | 1 |
| | **B.A.** | 12 | 9 | **0** | **0** | **0** | 7 | 4 | **0** | **0** | **0** | 3 | 3 | 0 | 2 | 0 |
| | **B.Sc.** | 70 | 21 | **4** | **2** | **3** | 18 | 8 | **0** | **0** | **1** | 22 | 16 | 2 | 1 | 2 |
| | **B.Ed.** | 21 | 18 | 0 | 0 | 0 | 13 | 11 | 0 | 0 | 0 | 14 | 13 | 1 | 0 | 0 |
| Master's Level | MA | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | MBS | 115 | 68 | 2 | 1 | 9 | 27 | 15 | 0 | 0 | 0 | 30 | 15 | 1 | 3 | 1 |
| **Grand Total** | | 367 | 205 | 21 | 4 | 14 | | 107 | 62 | 2 | 1 | 86 | 61 | 6 | 7 | 4 |

### (२) भौतिक संरचना:

| SN | Land | | | Area | |
|---|---|---|---|---|---|
| 1 | | | | 3 Bigha, 6 Dhur | |
| **SN** | **Building** | **Area (Square Feet)** | **Floor** | **Number of Room/Hall** | **Room Size (Square Feet)** |
| 1 | Main Building | 12000 | 3 | 36 | 24X33 TO 24X12 |
| 2 | Science Building | 2100 | 3 | 4 | 25X30 |
| 3 | Master Degree Building | 2000 | 3 | 9 | 18X25 |
| 4 | Library Building | 2380 | 3 | 14 | 50X24 TO 24X18 |
| | **Laboratory**<br>physics<br>Biology<br>Chemistry<br>Env. Sc.<br>Computer | | | 4<br>3<br>3<br>1<br>1 | 24X33<br>24X33<br>24X33<br>26x36<br>26x36 |
| 5 | Student Union Building | 800 | 1 | 3 | 18X24 TO 18X 12 |
| 6 | Canteen | 1300 | 1 | 4 | 25X30 TO 10X12 |
| 7 | IT Building | 8712 | 2 | 10 | 12X12 TO 24X20 |
| 8 | Administration Building | 1638 | 2 | 12 | 12X12 TO 15X 20 |
| 9 | Seminar Hall | | | 1 | |
| 11 | Conference Hall | | | 1 | |
| 12 | Compound Wall | 1990 | 6 feet Height | | |
| 13 | Weather Station | 225 | - | - | |
| 14 | Tutorial Classes | - | - | 35 | - |
| 15 | ICT LAB | 948 | | 1 | |
| 16 | BBA Building | | - | 2 | 26x36 |
| 17 | BCA Building | | - | 2 | 26x36 |
| 18 | Laboratory Building | | | 2 | 26x36 |
| 19 | Construction of new building with shatter and underground | 9,000 | 5 Floor with Underground | Class Room-24<br>Shatter- 18 | |

### (ग) क्याम्पसका लक्ष्य तथा चुनौतिहरू (Threats/Challenges)

**१. लक्ष्यहरू :**

१. दमक बहुमुखी क्याम्पसलाई शैक्षिक परामर्श तथा अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने ।
२. क्याम्पसहाता भित्र पार्क, चौतारी र प्रतिक्षालय निर्माण गर्ने ।
३. आवश्यकता अनुसारको फर्निचर, शैक्षिक सामग्री पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको व्यवस्था गर्ने ।
५. निर्माण संम्पन्न हुन लागेको भवनमा आवश्यक फर्निचर, रङ्गरोगन लगायत भौत्तिक सामाग्रीको व्यवस्थापन गर्ने ।
४. आधुनिक विद्युतीय शैक्षिक उपकरणहरूको प्रयोग गर्दै शिक्षण सिकाई क्रियाकलापहरूलाई आधुनिक तथा समयानुकुल बनाउने ।
५. समय-समयमा प्राध्यापक, कर्मचारी तथा सञ्चालकहरूलाई पुनर्ताजगी तालिम दिने ।
६. प्राध्यापक तथा कर्मचारीहरूको वृत्तिविकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
७. अनुसन्धान कार्यप्रति प्राध्यापकहरूलाई प्रेरित गर्ने ।
८. शिक्षण कार्य प्रयोगात्मक र अनुसन्धानात्मक बनाउँदै लैजाने ।
९. क्याम्पस संचालन गर्नका लागि १० बर्षे गुरू योजना तयार गर्ने र तयार गर्दा लाग्ने लागत दमक नगरपालिका मार्फत सहयोग माग गर्ने ।
१०. इ–लाईवेरीलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।
११. क्याम्पसलाई आर्थिक पक्षबाट सवल बनाउन पूर्व विद्यार्थीहरूको संघ बनाई रकम संकलन गरी छात्रावृति कोषको स्थापना गर्ने ।
१२. क्याम्पसको दिगो आर्थिक विकासको लागि विभिन्न संघं-संस्था तथा दातृसंस्थाहरूको पहिचान गर्ने ।

१३. क्याम्पसलाई आर्थिक रूपमा आन्तरिक तवरवाटै सक्षम बनाउन नियमित आयस्रोतको खोजी गर्ने क्रममा दमक नगरपालिका क्षेत्रभित्रको जग्गा खरिदमा लाग्ने रजिष्ट्रेसन दस्तुरमा थप १% लिई क्याम्पसलाई उक्त १% रकम सहयोग उपलब्ध गराउनका लागि दमक नगरपालिकालाई कार्य अगाडि बढाउन अनुरोध गर्ने ।

१४. विद्यार्थीहरूमाझ आगामी दिनमा थप उद्यमशीलता सम्बन्धी गोष्ठी, तालिम लगायतका गतिविधिहरू अघि बढाउने ।

१५ यस संस्थाबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई रोजगारीका लागि रोजगार प्रवर्द्धनसेल मार्फत सहयोग पुऱ्याउने ।

१६. विगतको कोराना कालमा पनि अन लाईन कक्षाको माध्यमबाट क्याम्पसको शैक्षिक गतिविधि बढाइएको अनुभवबाट अन्य अन लाईन प्लेट फर्म (Online Plateform) को खोजी गर्ने ।

**चुनौतीहरू :**

